दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ९२ | बुटवल | २०८१ चैत १६, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Mar. 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

काठमाडौंमा राजावादीको हिंसात्मक प्रदर्शन :

# ठाउँठाउँमा तोडफोड र आगजनी, दुईजनाको मृत्यु, दुई दर्जन घाइते

**प्रदर्शनले उग्ररुप लिएपछि काठमाडौंको तीनकुने क्षेत्रमा ५ ठाउँमा कर्फ्यू आदेश जारी भएको छ भने सेना परिचालनगरिएको छ । राजसंस्था पुनर्स्थापनाका लागि बनाइएको संयुक्त जनआन्दोलन परिचालन समितिले आन्दोलनमा सरकारले घुसपैठ गराई अशान्त वातावरण सिर्जना गरेको दाबी गर्दै तत्काल सर्वपक्षीय वार्ता र संवादमार्फत् अघि बढ्न आह्वान गरेको छ ।**

**लुम्बिनी संवाददाता**
*काठमाडौं*

तीनकुनेमा भएको राजावादीको प्रदर्शनले हिंसात्मक रुप लिएको छ । त्यसक्रममा दुई जनाको ज्यान गएको छ । प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएको छ भने आगलागीमा परेर एकजना पत्रकारको मृत्यु भएको छ । कीर्तिपुरका २९ वर्षीय सविन महर्जनको घाँटीमा गोली लागेर मृत्यु भएको गृह मन्त्रालयका सहसचिव छवि रिजालले जानकारी दिए ।

शुक्रबार दिउँसो भएको राजावादीहरूको प्रदर्शनमा घाइते भएका उनी उपचारका लागि अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन् । प्रदर्शनमा घाइते भएका उनलाई तत्काल उपचारका लागि टिचिङ अस्पताल पुर्‍याइएको थियो । त्रिवि शिक्षण अस्पतालका निर्देशक डा. सुबास आचार्यका अनुसार घाँटीमा गोली लागेर आएका थिए ।

यस्तै तीनकुनेको भवनमा लागेको आगोमा जलेर एभिन्यूज टेलिभिजनका एक जना पत्रकारको मृत्यु भएको छ । सो भवनको छतमा चढेर टेलिभिजनका लागि दृष्य खिचिरहेका सुरेश रजकको मृत्यु भएको हो ।

राजावादीहरुले तीनकुनेमा गरेको प्रदर्शनमा प्रहरीसँग झडप भएपछि एक भवनमा आगजनी भएको थियो । सो घटनालगत्तै रजक सम्पर्कविहीन भएका थिए । एभिन्यूज टेलिभिजनका सम्पादक शिव दाहालले भने-'रिपोर्टिङमा गएको साथी सम्पर्कविहीन हुनुहुन्छ । अस्पतालतिर पनि भएको जानकारी छैन ।'

एभिन्यूज टेलिभिजनका अर्का एक पत्रकारले सो घरभित्र आफ्नो साथी भएको जानकारी प्रहरीलाई दिँदादिँदै पनि उद्धार नभएको बताए ।

तीनकुनेमा भएको आन्दोलनमा प्रहरीले सुरुमा अश्रुग्यास प्रहार गरेको थियो भने पछि रबरको गोली र हवाइ फायर पनि गरेको थियो ।

तीनकुनेमा प्रहरीसँगको झडपमा परी घाइते भएका ७ जनाको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । प्राप्त जानकारी अनुसार त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा ५ जना र राष्ट्रिय ट्रमा सेन्टरमा २ घाइतेको उपचार जारी छ ।

त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जका प्राडा मोहनचन्द्र रेग्मीका अनुसार गोली लागेका ५ जना घाइतेको आकस्मिक कक्षमा उपचार भइरहेको छ । उनले ती सबैको कम्मर मुनिको भागमा गोली लागेको र अवस्था स्थिर रहेको बताए ।





राष्ट्रिय ट्रमा सेन्टरका निर्देशक बद्री रिजालका अनुसार त्यहाँ पनि गोली लागेका दुई जना घाइतेको उपचार भइरहेको छ । तीमध्ये पेटमा गोली लागेका एक जनाको अवस्था भने चिन्ताजनक रहेको छ । उनको आकस्मिक शल्यक्रिया भइरहेको निर्देशक रिजालले बताए । ट्रमा रहेका अर्का एक जनाको भने कुममा गोली लागेको छ ।

राजावादीको प्रदर्शनले उग्ररुप लिएपछि काठमाडौंको तीनकुने क्षेत्रमा कर्फ्यू आदेश जारी भएको छ । जिल्ला प्रशासन कार्यालयले कर्फ्यु लगाएसँगै नेपाली सेना परिचालन भएको छ । राजावादी समूहले गरेको उग्र प्रदर्शनका कारण प्रशासनले कर्फ्यु लगाएको छ । तीनकुनेमा राजावादीको प्रदर्शनस्थलमा प्रहरीले हस्तक्षेप गरेपछि भेला भएका राजावादीहरूले शुक्रबार दिउँसोबाट उग्र प्रदर्शन गरेपछि अवस्था तनावग्रस्त बनेको थियो । जिल्ला प्रशासन कार्यालय काठमाडौंले काठमाडौंको शान्तिनगर पुलदेखि मनोहरा खोला पुलसम्म ५ ठाउंमा कर्फ्यू आदेश जारी गरेको हो । शुक्रबार राति १० बजेसम्म कर्फ्यू आदेश जारी भएको प्रशासनले जनाएको छ ।

राजावादी समूहले गरेको प्रदर्शनमा प्रहरीसहित २२ जना घाइते भएका छन् । प्रहरीले उपलब्ध गराएको विवरणअनुसार घाइते हुनेहरूको संख्या २२ पुगेको । जसमा सुरक्षाकर्मी र प्रदर्शनकारी दुवैतर्फका घाइते भएका छन् ।

प्रदर्शनमा काठमाडौं गुहेश्वरका ४३ वर्षीय राजु श्रेष्ठ, करिना साही, पुष्कलराज जोशी, राजेश श्रेष्ठ, बद्री वन, सुमन गुरुङ, निराजन बम, ओमबहादुर श्रेष्ठ, माधव कडेल, शंकर तिवारी, निखिल कार्की, कुमार जंग राना, उद्धव श्रेष्ठ, विकासकुमार गौतम, रोजन पहरी, सुजन थापा, सन्तोष बोहोरा, विकास संगौला, रुद्र कार्की, विशाल निरौला, मनी सिंखडा घाइते भएका छन् ।

त्यसैगरी सशस्त्र प्रहरीका बरिष्ठ हवल्दार चन्द्र बुढा पनि घाइते भएका छन् । राजावादी प्रदर्शन उग्र बनेपछि तोडफोड र आगजनी भएको थियो । सुरक्षाकर्मीमाथि समेत आक्रमण भएको थियो । राजावादी प्रदर्शनकारीले काठमाडौंको तीनकुने, कोटेश्वरलगायत क्षेत्रमा गरेको तोडफोड र आगजनीबाट करोडौं रुपैयाँ बराबरको क्षति पुगेको छ ।

राजावादीका आन्दोलनकारीहरूले सिनामंगलस्थित नागरिक उड्डयन प्राधिकरणको कार्यालयमा तोडफोड गरेका छन् । गृह मन्त्रालयमा शुक्रबार अपराह्न बसेको केन्द्रीय सुरक्षा समिति बैठकमा प्रहरी महानिरीक्षक दीपक थापाले क्षतिको यकिन विवरण नआइपुगे पनि करोडौंको क्षति भएको ब्रिफिङ गृहमन्त्री रमेश लेखकलाई गरेका छन् । नवराज सुवेदी, दुर्गा प्रसाईं लगायतको नेतृत्वमा भएको प्रदर्शनमा प्रदर्शनकारीले व्यक्तिका निजी सम्पत्तिमा आगजनी र तोडफोड गरेका हुन् ।

राजावादी समूहले काठमाडौंको आलोकनगरस्थित नेकपा एकीकृत समाजवादीको कार्यालयमा आगजनी गरेको छ । झुन्डझुन्डमा तोडफोड गर्दै हिंडेका राजावादीले पार्टीको कार्यालय तोडफोड र आगजनी गरेका हुन् । राजावादी प्रदर्शनकारीले कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको कार्यालयमा आगजनी गरेका छन् । सन्चो सहितका औषधि बनाउने कम्पनीको कार्यालयमा उनीहरूले आगजनी गरेका हुन् । कार्यालय परिसरमा रहेका गाडीहरूमा समेत उनीहरूले आगजनी गरेका छन् ।

» बाँकी ३ पेजमा

# तिलोत्तमा गोल्डकपको फाइनल आज : एपीएफ र चर्च ब्वायज भिड्दै

**टिआर शर्मा**
*बुटवल*

२३औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल आज दिउँसो हुँदैछ ।

फाइनलमा विभागीय टिम सशष्त्र प्रहरीको एपीएफ क्लब र चर्च ब्वायज युनाइटेड ललिलतपुरबिच आज दिउँसो २ बजेदेखि उपाधि भिडन्त हुने भएको हो । जिल्ला फुटबल संघ रुपन्देहीले आयोजना गरेको प्रतियोगितामा दुई विभागीय र भारतका दुईसहित ८ टिमले भाग लिएका थिए ।

एपीएफ क्लबले पहिलो सेमिफाइनल खेलमा संकटा क्लब काठमाडौंलाई १-० गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो भने चर्च ब्वायजले अन्तिम सेमिफाइनलमा मच्छिन्द्र एफसी काठमाडौंलाई ४-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो ।

आयोजक एन्फा रुपन्देहीले शुक्रबार गरेको प्रिम्याच प्रेस कन्फेरेन्समा दुबै टिमले उपाधि जित्ने रणनीतिसहित फाइनल खेलको तयारी गरेको बताएका छन् ।

एपीएफका प्रशिक्षक टोप विष्टले सात वर्षदेखि खेल्दै आएको टिमको तालमेल जितका लागि बलियो पक्ष भएको बताए । चर्च ब्वायजका प्रशिक्षक आशिक थापा मगरले ४ जना विदेशी खेलाडीसहित बलियो टिम बनेको र यसअघि भएको खेलमा पनि एपीएफलाई पराजित गरेकाले उपाधि जित्ने दाबी गरे ।

एन्फा रुपन्देही अध्यक्ष लोक पुनले नेपालका क श्रेणीका ४ वटा गोल्डकप मध्ये तिलोत्तमा गोल्डकप एउटा भएको उल्लेख गर्दै प्रतियोगिताको प्राविधिक पक्ष धेरै राम्रो रहेको बताए ।



प्रतियोगिताको उपाधि विजेता टिमले नगद १२ लाख १२ हजार २ सय २२ रुपैयाँ, उपविजेता टिमले ६ लाख, ६६ हजार, ६ सय, ६६ रुपैयाँ, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र कोचलाई नगद ३१ हजार रुपैयाँका दरले तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल पुरस्कार दिइने संघका महासचिव हिमाल गौचनले जानकारी दिए । नेपालमा हुने क श्रेणीका चार गोल्डकप मध्येको एक तिलोत्तमा गोल्डकपमा दुई विभागीय र भारतका दुईसहित ८ टिमले प्रतिस्पर्धा गरेका छन् ।

**हालसम्म को-को विजेता बने ?**

२०३३ सालमा भएको पहिलो खेलमा सिद्धार्थ खेलकुद परिषद् रुपन्देही विजयी भएको थियो भने दोस्रोमा बम्बई फर्टिलाईजर मुम्बई, तेस्रो, नवौं, दशौं र तेह्रौमा महेन्द्र पुलिस क्लब, चौथो, पाँचौ र छैटौंमा कालिका स्पोर्टिङ क्लब, सातौं जनकपुर चुरोट कारखाना विजयी भएका थिए ।

त्यस्तै, आठौमा आरएनएसी, एघारौंमा महिन्द्रा एण्ड महिन्द्र मुम्बई, बाह्रौं र सोह्रौमा त्रिभुवन आर्मी क्लब, चौधौं र अठारौंमा रुपन्देही ११, पन्ध्रौमा फ्रेन्ड्स क्लब, सत्रौमा जावलाखेल युथ क्लब र १९औं संस्करणको उपाधि सीएमसी संकटा क्लवले जितेका थिए ।

२०औं तिलोत्तमा गोल्डकपको उपाधि थ्री स्टार क्लब काठमाडौंले जितेको थियो । २१औं गोल्डकप अफ्रिकी देश क्यामरुनको दाफिन्स युनाइटेडले जितेको थियो भने २२औं तिलोत्तमा गोल्डकपको उपाधि मनाङ मस्याङ्दी क्लबले जितेको थियो ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ चैत १६, गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

“कलाकार आफ्नो देश तथा वर्गको संवेदनशील ग्रहणकर्ता हो त्यसको कान, आँखा र हृदय हो, अनि आफ्नो युगको आवाज हो।”

– म्याक्सिम गोर्की

इतिहास

# लप्टनको होटेलः जहाँ सात सालअघिको काठमाडौं जुर्मुराइरहेथ्यो

**अरविन्द रिमाल**

डिल्लीबजारबाट पुतलीसडकतिर जाने मूलबाटो झिंगटीको छाना हालिएको एउटा साधारण घरको भुइँतलामा तीन कवल भएको चियापसल थियो । यही चियापसल २००४ सालतिर ‘लप्टनको होटेल’को नामले चिनिनथाल्यो । नेपाली सेनाबाट सेवा निवृत्त भएका एकजना लप्टनले त्यो पसल खोलेका थिए । अग्ला, सुगठित शरीरका, ठूलाठूला आँखा भएका लप्टन साहेबको हरेक चाल फौजी तर पसल चाहिँ अति नै साधारण थियो । चिया, सामान्य खालका बिस्कुट, नैनखटाई अनि मासुच्युरा नै त्यहाँको विशेष परिकार थिए ।

लप्टनको होटेल काठमाडौंमै पहिलो चियापसल भने थिएन । पद्मशम्शेर राणाको प्रधानमन्त्रित्व कालमा अलिअलि आँट गरेर घरघरमा खान थालिएको चिया अब धरहरा माहिलाको पसलका साथसाथै अरू केही ठाउँमा सार्वजनिकरूपमा बेचिन थालेको थियो । त्यसबखत बाहिर चिया खानुलाई जागरुक नागरिकहरू आफ्नो स्वतन्त्र विचार एवं व्यवहारको अभिव्यक्ति ठान्थे । नाम चलिसकेका राजनेता विश्वेश्वरप्रसाद कोइराला २००४ सालमा गुप्तरूपमा काठमाडौं आउँदा यिनै माहिलासाहूको पसलमा चिया खान जान्थे । उनी रामहरि शर्माका साला हरिप्रसाद रूपाखेतीसँगसँगै बाइसाइकल चढेर कर्मकाण्डी ब्राह्मणको छद्‌म् पहिरनमा त्यहाँ पुग्थे । यस्तै चियापसलको शृंखलामा अर्को पाइला थियो, लप्टनको होटेल ।

‘लप्टनको होटेल’ डिल्लीबजारका जागृत युवकहरूको लोकप्रिय मिलनस्थल बन्न बेर लागेन । बिहान ७ बजेदेखि राती ७ बजेसम्म त्यहाँ अनवरत रूपमा जमघट भइरहन्थ्यो । यहीँ होटेलमा महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि दिउँसो खाजा खान आइरहन्थे । वास्तवमा देवकोटाज्यू नै त्यस्तो जमघटका विशिष्ट व्यक्ति हुन्थे । तिनताका देवकोटा नेपाल भाषा प्रकाशिनी समितिमा वर्षको बाह्रसय रुपियाँको खान्गी बराबरको जागीर खान्थे । त्यत्रो ठूलो रकमको जागीर खाने देवकोटा त विस्तारै-विस्तारै राजनीतिमा लाग्न थालेको थिए । पछि त क्रान्तिकै बिगुल फुक्न थाले । यस अर्थमा उनी रुसी क्रान्तिका कवि अलेक्जेण्डर ब्लोक जस्तै नेपाली क्रान्तिका कवि थिए । राणा शासनको उकुसमुकुस थियो । बिस्तारे परिवर्तनको निम्ति प्रयास पनि हुन्थ्यो । यी सबैको प्रभाव लप्टनको होटेलमा पनि पर्थ्यो । विश्व राजनीतिदेखि घरेलु राजनीतिसम्मका विषयलाई लिएर त्यहाँ रोचक छलफल चल्थ्यो । डिल्लीबजारका युवकहरू-नर्सिंहबहादुर श्रेष्ठ, चित्रबहादुर के.सी., शङ्करप्रसाद जोशी, प्रकाशबहादुर के.सी., मदन उपाध्याय पोखरेल, सूर्यबहादुर बस्नेत, मदनराज सुवेदी, डिल्लीराज उप्रेती, चन्द्रधर उप्रेती, शङ्करबहादुर के.सी. त्यहाँ जम्मा हुन्थे । उनीहरू सांकेतिक भाषामा राजनीतिक कुराकानी गर्नेगर्थे ।

२००४ सालमा म त्रिचन्द्र कलेजको विद्यार्थी भइसकेको थिएँ । दरबार स्कुल पद्धताका रोपिएको राजनीतिक चेतको बीउलाई त्रिचन्द्रको माहौलले मलजल गरेको थियो । त्यसैले त्यस्ता जमघटमा म पनि बारम्बार सामेल हुन्थेँ । त्यस्तो ‘गैरकानूनी कार्य’ राणाशासनको गुप्तचरी विभागको नजरबाट बच्न सकेन । तथापि आँटिला युवकले यो अभ्यास रोकेनन् । यो होटेल राजनीतिक चेतनाको संवाहक र चेतना निर्माणको केन्द्रको रुपमा स्थापित भयो ।

‘लप्टनको होटल’को चर्चा गर्ने क्रममा २००४ सालमा त्रिचन्द्र कलेजका विद्यार्थीले गरेको प्रबल आन्दोलनको उल्लेख गर्नैपर्ने हुन्छ । होटेलका नियमित ग्राहक बनेका सबैजसो विद्यार्थीहरू त्यस आन्दोलनमा सहभागी थिए ।

२००४ सालको त्रिचन्द्र कलेज नेपालको प्रस्फुटित राजनीतिक जागरणको केन्द्रविन्दु बन्न पुगेको थियो । विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ, त्रिपुवरसिंह प्रधान, होराप्रसाद जोशी, पुष्पलाल श्रेष्ठ, तिलकराज शाही, भुवनलाल जोशी, कृष्णप्रसाद रिमाल, ध्रुवलाल जोशी, नूतन थपलिया लगायतका विद्यार्थी क्रान्तिकारी छात्रहरूमा गनिन्थे । यिनीहरूका आध्यात्मिक गुरु वा राजनीतिक अग्रज क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल थिए ।

सोही सालमै त्रिचन्द्र कलेजको ऐतिहासिक छात्र-हड्ताल भयो । छात्रहरूको विशाल जुलुसको नेतृत्व गरी पद्मशम्शेरको विशालनगरस्थित दरबारतिर नारा लगाउँदै हिड्नेमा उनीहरू नै प्रमुख थिए । जुलुसमाथि कलेजको ढोका अघिल्तिर नै पुलिसले लाठीचार्ज गरिसक्दा पनि भीड कमलादीको बाटोबाट अगाडि लाग्यो । त्यो जुलुसलाई राणाशासनले दमकलको पानीको फोहराद्वारा लाखापाखा लगायो । तर त्यो प्रदर्शनले काठमाडौंको शान्त देखिने वातावरण खल्बाइदियो । यहाँको दैनिक जीवनमा त्यसपछि विद्रोही राजनीतिक वातावरण व्याप्त हुनथाल्यो । २००४ सालको माघमा विशालनगर दरबारमा पद्मशम्सेरले “वैधानिक कानून”को घोषणा गरे । उनको भाषण सुन्न त्यहाँको पटाङ्गिनीमा भेला हुने भीडमा चन्द्रधर उप्रेती र म सँगसँगै थियौं ।पद्मशम्शेरको भाषणले हामीलाई आकर्षित गरेन । बरु हामी विश्वेश्वरप्रसाद कोइराला त्यही दरबारको कम्पाउण्डभित्र बन्दी बनाई थुनिएको ठाउँ देखिन्छ कि भनी पल्याकपुलुक गरी हेर्न थाल्यौं । कोइरालालाई त्यहाँ थुनेर राखिएको हामीले बाहिरै सुनेका थियौं ।

पद्मशम्शेरको दरबारभित्र र बीचबीचका विवाद-खबरहरू संक्षेपमा उनका नाति, हाम्रा छिमेकी साथी नरनारायणशम्शेरबाट हामीहरू थाहा पाउँथ्यौं । नरनारायण पछि प्रहरीका डि.आइ.जी. पनि भए । पद्मशम्शेरको आग्रहमा नेहरू नेतृत्वको भारत सरकारले प्रसिद्ध कानूनविद् श्रीप्रकाशको नेतृत्वमा तीनजना कानून विशेषज्ञलाई नेपालमा नयाँ संविधान तयार पार्न पठाएका थिए । यो जानकारी पनि हामीलाई नरनारायणले लप्टनको होटेलमा चिया खाँदै सुनाएका थिए । हामी प्रायः त्यहीँ भेट गर्थ्यौँ । उनले यस्तै समाचार हामीलाई दिन्थे । सरकारी गोर्खापत्रमात्र भएको त्यो समयमा अक्सर समाचारहरू यसैगरी मौखिक रुपमै प्रवाहित हुन्थे ।

पद्मशम्शेरबारे अनेकन् मत पाइन्छन् । खासमा उनले ठूलो हिम्मत गरेका हुन् । सत्याग्रह र प्रजा पञ्चायतको आन्दोलनले रन्केको वातावरणमा पनि उनले मोहनशम्शेर गुटको दमनकारी नीतिसँग आफूलाई संलग्न नगरेर सत्याग्रहीप्रति लचिलो हुन सानोतिनो हिम्मतले पुग्दैनथ्यो । २००४ साल बैशाख २३ गते प्लेकार्ड बोकेर त्रिचन्द्र कलेजबाट शुरु भएको जुलुस पद्मशम्शेरकहाँ पुगेको थियो । त्यो जुलुसलाई सम्बोधन गर्दै उनले आफ्ना भाइभतिजा र भारदारकै सामु बन्दी सत्याग्रहीहरूलाई छाडेर चाँडै नै सुधार गर्ने हुकुम दिएका थिए । १७ गते शुरू भएको एक हप्ताव्यापी जन आन्दोलनको फलस्वरूप उक्त हुकुम भएको थियो ।

काठमाडौँ झ्यालखानाभित्रबाट टङ्कप्रसादलगायत नेपाल प्रजापरिषद्को नेतृत्व र बाहिरबाट नेपाली राष्ट्रिय कांग्रेसको नेतृत्वलगायत अन्य प्रजातन्त्रवादीले श्रीप्रकाशको भ्रमणप्रति ठूलो आशा राखेका थिए । तर पद्मशम्शेरले घोषणा गर्न आँटेको सीमित सुधारपट्टि पनि राणातन्त्रको शत्रुता प्रस्टिन धेरै दिन लागेन । नेपालको पहिलो संविधान घोषणा गरिएको एक महिनापछि नै मोहनशम्शेरको नेतृत्वमा बाँकी भाइखलकले पद्मशम्शेरका विरुद्ध पारिवारिक ‘कू’ गरी उनलाई भारत धपाए, यद्यपि त्यसलाई वैधानिकता दिन उनीहरूलाई अरू दुई महिना लाग्यो । २००५ सालको बैशाखमा पद्मशम्शेरले राँचीबाट प्रधानमन्त्रित्व पदबाट राजीनामा पठाएपछि मात्र मुख्तियार मोहनशम्शेर ‘श्री ३ महाराज’ बन्न पाए ।

परिवर्तनका प्रवक्ता

२००५ सालको राजनीतिक परिवेश बुझ्न महाकवि लक्ष्मीप्रसाद देवकोटाको योगदान नजानी हुँदैन । त्यतिबेला देवकोटाको मैतिदेवीफाँटस्थित घर प्रजातन्त्रवादीका निम्ति एक किसिमले राजनीतिक स्थल नै बनेको थियो । त्यहीँ जमघटको फलस्वरूप विशुद्ध साहित्यकार देवकोटाज्यू क्रमिकरूपले प्रखर राणाविरोधी प्रजातन्त्रवादी हुनपुगेका थिए । हाम्रो टोलका राजनीतिकरूपले सचेत अनेक तन्नेरी उनको घरमा बिहान, दिउँसो, साँझ कुनै बेला पनि जम्मा भइरहन्थे । साहित्यकार हृदयराज शर्मा, नर्सिंहबहादुर श्रेष्ठ, प्रकाशबहादुर के. सी., शङ्करप्रसाद जोशी, चन्द्रधर उप्रेती, सूर्यबहादुर बस्नेत, शङ्करप्रसाद कोइराला तथा डिल्लीराज उप्रेती आदि नियमितरूपमा त्यहाँ गइरहन्थे । म पनि कहिलेकाहीँ चन्द्रधरसँग पुग्थें । महेन्द्रध्वज सिंह पनि देखिन्थे । कवि, नाटककार श्यामदास वैष्णव र कवि लक्ष्मणप्रसाद लोहनीको त देवकोटाजीको घर आफ्नो दोस्रो घर नै थियो । उनीहरू दुवैजना महाकविको सेवामा सधैँ संलग्न हुन्थे ।

पछि देवकोटा काठमाडौं छाडेर नेपालमा प्रजातन्त्रको प्रचार-प्रसार र स्थापना गर्ने उद्देश्यबाट पहिले दार्जीलिङ र त्यसपछि बनारस पुगे । तिनताका उनका जोशिला कविताहरू नेपाली राष्ट्रिय कांग्रेसको मुखपत्र ‘युगवाणी’ मा छापिएर गुप्तरूपले देशभरि वितरित हुन्थे । कतिपय तन्नेरीलाई ती कविता कण्ठ थिए ।

देवकोटाको राजनीतक चेत भने भारत जानुअघि नै परिपक्व भइसकेको थियो । नेपालमा प्रजातान्त्रिक परिवर्तनको आकाङ्क्षाबाट अभिप्रेरित भएर र झ्यालखानाबाट टङ्कप्रसादजीहरूले गरेका आग्रहअनुसार नेपालको वास्तविक राजनीतिक, आर्थिक, सामाजिक अवस्थालाई झल्काउने गरी उनले एउटा राजनीतिक विश्लेषणात्मक निबन्ध तयार पारेका थिए ।

त्यो निबन्ध उनले त्रिपुरेश्वरस्थित गेष्टहाउसमा बसेका भारतीय संविधानविद् श्रीप्रकाशलाई सुटुक्क भेटेर दिएका थिए ।त्यसपछि भएका राजनीतिक उथलपुथलमा नेपालप्रति र नेपालीको आकाङ्क्षाप्रति सही दृष्टिकोण राख्न उक्त निबन्धले भारत सरकारलाई कति सहयोग गऱ्यो वा त्यसबाट भारत सरकार कत्तिको प्रभावित भयो, त्यो भने आजसम्म गूढ रहस्यकै रूपमा रहेको छ । यद्यपि देवकोटाको त्यो कार्य देशभक्त, प्रजातन्त्रवादी नेपाली तन्नेरीहरूको तर्फबाट आँटिलो कार्य थियो । यस अर्थमा महाकवि नेपाली तन्नेरीहरूको परिर्वतनगामी आकाङ्क्षाका प्रवक्ता थिए । यी सबै कार्य २००७ सालको क्रान्तिका लागि बीजारोपण थिए ।

प्रजा पञ्चायत र आन्दोलनको उभार

मोहनशम्शेर श्री ३ महाराज बनेपछि पद्मशम्शेरले २००४ सालको संविधानमार्फत् दिएका केही नागरिक अधिकार पनि कुण्ठित हुनपुगे । त्यति नै बेला जनताले नागरिक हक निर्वाध रूपले उपभोग गर्न पाउनुपर्छ भन्ने माग राखेर भनेर नेपाल प्रजा पञ्चायत नामक नयाँ राजनीतिक संगठन भयो । २००३-०४ सालदेखि गोप्य तथा प्रत्यक्षरूपले राजनीतिक कार्य गर्दै आएका युवक-युवती नै यो दलमा संलग्न थिए ।

प्रजा पञ्चायत (प्र.प.)ले प्रधानमन्त्री भइसकेका मोहनशम्शेर शासकसँग २००४ को संविधानप्रदत्त अधिकार उपभोग गर्न पाउन अनुरोध गऱ्यो । त्यसको कुनै सुनुवाइ नभएपछि प्र.प.ले दशैंको टीका साइत गरी २००५ साल कात्तिक ५ गतेदेखि आन्दोलन शुरु गर्ने घोषणा गऱ्यो ।आन्दोलनले तत्कालै गति लिन थाल्यो । प्रत्येक दोस्रो दिन भनेजसो आन्दोलनकारी उपत्यकाको कुनै न कुनै शहरबाट पक्रिइन्थे । काठमाडौं, पाटन र भक्तपुर तीनै शहरमा फरकफरक दिनमा आयोजना गरिने आमसभामा चन्द्रधर उप्रेती र म पनि उपस्थित हुन्थ्यौं । ती सभाका जोशिला वक्ताहरूमा त्रिपुरवर सिंह, गोपालदास श्रेष्ठ, होराप्रसाद जोशी तथा विजयबहादुर मल्ल थिए ।

मोहनशम्शेर ‘श्री ३ महाराज’को गद्दीमा बस्दानबस्दै काठमाडौँ तीन शहरमा चलेको प्रजा पञ्चायतको आन्दोलनले त्यो गद्दी हल्लिन थालिसकेको थियो । प्रजातान्त्रिक एवं नागरिक हकको आवाज उठाएर यहाँको जागृत तन्नेरीहरूले एउटा सशक्त आन्दोलन सञ्चालन गरिसकेका थिए । प्रहरीको क्रुर दमन र गिरफ्तारीबाट पनि यो आन्दोलन दबेन ।

यी आन्दोलनका कारण नै लप्टनको होटेल एउटा राजनीतिक अखडा बन्न पुगेको थियो । उक्त होटेलप्रति सरकारी गुप्तचरहरूको कोपदृष्टि सजिलैसँग देख्न-बुझ्न सकिन्थ्यो । समय बलवान् भइरहेको थियो । मोहनशम्सेरको क्रूर शासन पनि त्यसलाई सहन बाध्य भएको थियो ।

प्रजा पञ्चायतका नेताहरूले आफ्ना कामकारवाहीहरू नेपाली राष्ट्रिय काँग्रेसको शाखाकै रूपमा चलाएको देखिन्थ्यो । यसका दुइटा कारण थिए । एक, प्रजापरिषदका मुख्य नेताहरू जम्मै नै जेलमा बन्द थिए । दुई, प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यलाई बनारसवासी विश्वेश्वरप्रसाद कोइराला तथा डिल्लीरमण रेग्मी दुवैले आपसी सहमतिबाट नेपाली राष्ट्रीय कांग्रेसका सभापति चुनेका थिए । आचार्यलाई अध्यक्षको रुपमा चुन्न चुन्नमा उनीहरू दुबैजनालाई र खासगरी कोइरालालाई सहमत गराउन गणेशमान सिंह र केदारमान व्यथितले ठूलो भूमिका खेलेका थिए । अनि थप महत्त्वपूर्ण त के भने यस आन्दोलनमा काठमाडौँ चार भञ्ज्याङ्गका विवेकशील नेता र कार्यकर्ताहरूले बाहिरी झगडाको कुनै असर पर्न दिएनन् ।

प्रजा पञ्चायतका संगठनकर्ता र सक्रिय कार्यकर्तालाई मोहनशम्शेरको सरकारले समातेर झ्यालखानमा थुनेपछि कृष्णप्रसाद भट्टराई र केदारमान व्यथितलाई विश्वेश्वरप्रसाद कोइराला लिएर गुप्त तरिकाले काठमाडौं पसे । उनी यो आन्दोलनको नेतृत्व लिन उद्विग्न थिए । विश्वेश्वरप्रसादको आगमनको प्रत्येक विवरण त्यसबेलाका हजुरिया जर्नेल विजयशम्सेर राणालाई थाहा थियो । उनले आफ्नो प्रधानमन्त्री पिता र अन्य कट्टरपन्थी काकाको दमनचक्रमा विश्वेश्वरप्रसादलाई पर्न नदिन पूरापूर बचाउ गरे भनी सरदार भीमबहादुर पाण्डेले उल्लेख गरेका छन् । उनले गरेका दावीमा म फस्न चाहन्न । मलाई थाहा भएको सत्य के हो भने, डिल्लीराज उप्रेती, सूर्यबहादुर बस्नेत, नर्सिंहबहादुर श्रेष्ठ, शङ्करप्रसाद जोशी, प्रकाशबहादुर के.सी. आदि डिल्लीबजारका तन्नेरीहरू मिलेर कोइरालालाई नरेन्द्रबहादुर बस्नेतको घरमा लुकाएर राखे । पूर्णबहादुर एम.ए.को अनुरोधमा डिल्लीराज उप्रेतीको अग्रसरतामा कोइरालालाई त्यहाँ राखिएको थियो । त्यतिबेला बस्नेत भने लखनऊ पढ्न गएका थिए । कोइरालाले त्यहीं घरबाट निकै दिनसम्म आफ्नो गोप्य राजनीतिक गतिविधि चलाए । त्यसपछि उनी असन भोटाहिटी चोकमा रहेको त्रिरत्न तुलाधरको घरमा बस्न गए ।

प्रारम्भमा चन्द्रधर उप्रेती यस कार्यमा संलग्न नभए तापनि पछि मित्र सूर्यबहादुर बस्नेतले उनलाई यसबारे जानकारी दिएका थिए । चन्द्रधरबाट मैले पनि यो खबर थाहा पाएको थिएँ । राणाशासनको जमानामा त्यस्तो राजनीतिक शरण दिन भनेको बडो आँट र साहस चाहिन्थ्यो ।

त्यस्तो साहस मेरा अर्को मित्र सूर्यबहादुर बस्नेतले देखाएका थिए । बस्नेत पछि डाक्टर बने । कोइरालालाई आफ्नो घरमा शरण दिएको र कांग्रेसी पर्चा टाँसेको अभियोगमा पछि सूर्यबहादुरलाई राणाशासनले एक महिनासम्म हनुमानढोकाको पुलिस थानामा थुनेर राख्यो । यसरी त्यहाँको रौरव नर्कको भोग गर्नमा उनी मेरा अग्रज भए । २००५ साल पुसमा कोइराला समातिए र उनलाई भद्रगोल जेलमा थुनियो । अब कोइरालालाई उनका पिता खर्दार कृष्णप्रसाद कोइरालालाई झ्यालखानामै सडाएर मारेजस्तै गरी राणाहरूले सिध्याउने छन् भनी त्यतिबेलाका राजनीतिक कार्यकर्ता संत्रस्त भए । राणाहरूले त्यस्तै नै चाहेको सरदार पाण्डेको उपरोक्त किताबबाट खुल्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको गिरफ्तारीअघि नै सयौं आन्दोलनकारी समातिएर जेलमा कोचिइसकेका थिए ।उनी पनि पक्रिएको थाहा पाएपछि आन्दोलनले झन् चर्को गति लियो । यसको फलस्वरूप आन्दोलनका प्रत्यक्ष सत्याग्रही तथा तिनका सहयोगी अरू सयौंको संख्यामा समातिए । दमनले हद पार गर्न थालेपछि विश्वेश्वरप्रसाद कोइराला अन्तर्राष्ट्रिय जगत्मा समेत ठूलो प्रतिक्रिया उत्पन्न गराउने गरी अनशन बसे जसको समर्थनमा अन्य जेलका कैयौं राजबन्दीले आमरण अनशन गरे ।

यस आन्दोलनको क्रममा क्रान्तिकारी नवयुवकहरूले काठमाडौं, पाटन र भक्तपुरका विभिन्न स्थानमा आमसभा गरे । त्यतिबेला काठमाडौंकै इन्द्रचोकको बाइसपसलको छेउस्थित शिवमन्दिरको पेटीमा चढेर भाषण गर्नु बडो प्रतीकात्मक थियो किनभने त्यही स्थानमा शुक्रराज शास्त्री र गङ्गालालले १० वर्षअगाडि आमसभा गरेका थिए ।

(रिमालको पुस्तक ‘डिल्लीबजारको लप्टनको होटल’बाट साभार ।)

कविता

## यो देशलाई म तिमीले जत्तिकै माया गर्छु

**लक्ष्मण श्रेष्ठ**

बिहानी किरणसँगै हाँस्ने सुनौलो हिमाललाई ढोग्छु
ईश्वर ठानेर
(जल अमृत हो
अमृतदायी सबै ईश्वर हुन्
यस्तै परिभाषा छ मेरो)

देउरालीको बयेलीमा बसेर
पंखा हम्किरहेका महाभारतलाई पुज्छु
देव सम्झेर
(वायु प्राण हो
प्राणदायी सबै देव हुन्
यस्तै परिभाषा छ मेरो)

फराकिलो मधेस फाँटमा बसेर शरदमा
लहलहाउँदा पहेंला बालालाई प्रणाम गर्छु
ईष्टदेव मानेर
(अन्न जीवन हो
जीवनदायी सबै ईष्टदेव हुन्
यस्तै परिभाषा छ मेरो)

म मेरो देशलाई तिमीले जत्तिकै माया गर्छु
यो त्यहीं देश हो
जहाँ एक युवती भएकी थिइन् मेरी आमा
बाली रोप्दारोप्दै/घाँस काट्दाकाट्दै/दाउरा
बोक्दाबोक्दै/निमेक गर्दागर्दै
मलाई जन्माएर

यो त्यहीं देश हो
जहाँ एक युवा भएका थिए मेरा बा
विश्वयुद्धको मैदानमा/फोकल्यान्डको टापुमा/
रबरका वनमा/खाडीको गर्मीमा
म जन्मेको खबर पाएर

यो त्यहीं देश हो
जहाँ म हरेक बिहान
जवाफहिन प्रश्नहरूसँगै जाग्छु
र, जहाँ म हरेक रात अन्यौल भविष्यसँगै
विक्षिप्ततामा निदाउँछु

मेरो देश कुनै कल्पनाको नक्सामा होइन
मेरै क्षितिजभित्रै अटाउँछ
मेरो देश कुनै मिथकमा होइन
मेरै जिन्दगीको यथार्थमा रमाउँछ

म झुटो इतिहासमा होइन
साँचो वर्तमानमा देशलाई सजाउँछु
म मेरो देशलाई म जत्तिकै माया गर्छु
म जस्तो छु त्यस्तै छ मेरो देश

सगरमाथाको मेरो देश
म जस्तै होचो छ
बुद्धको मेरो देश
म जस्तै अशान्त छ
जनकको मेरो देश
म जस्तै क्लान्त छ
भृकुटीको मेरो देश
उनी र म जस्तै विवश छ

मेरो देश मजस्तै छ
नबिर्सनु,
मलाई दुख्दा नदुख्ने मेरो देश हुनसक्दैन
म रुँदा नरुने मेरो देश हुनसक्दैन
जिन्दगी बेचेर जिन्दगी खरिद गर्न छोड्दै गर्दा
आँगनको डिलमा बसेर नरुने
मेरो देश हुनसक्दैन

म मेरो देशलाई तिमी जत्तिकै माया गर्छु
म मेरो देशलाई आफू जत्तिकै माया गर्छु

कथा

# सच्चा प्रेमी

**जंग बहादुर शाह**

एउटा मुशायरा-(कवि सम्मेलन) मा डा. मुहम्मद इकबालले आफ्नो रचना यसरी सुनाएका थिए कुनै जमानामा–

"सारे जहाँ से अच्छा, हिन्दोस्ताँ हमारा ।
हम बुलबुले है इसकी, यह गुलिस्ताँ हमारा ॥
मिंजहब नहीं सिखाता आपस में बैर रखना ।
हिन्दी हैं हम, वतन है हिन्दोस्ताँ हमारा ॥"

(हाम्रो भारतवर्ष सारा संसारभन्दा राम्रो छ। हामी यसका बुलबुल (जुरेली) हौं र यो हाम्रो उद्यान हो । धर्मले परस्पर बैरी हुन सिकाउँदैन । हामी हिन्दी (भारतीय) हौं र हाम्रो वतन हिन्दुस्तान हो ।)

पहिले "हिन्दी हैं वतन है, हिस्दोस्ताँ हमारा" भनी लेख्ने तिनै अल्लामा (महापण्डित) इक्बालले पछि लेखेको अर्को कविता, मुहम्मदअली जेनाभाई उर्फ मुहम्मद अली जिन्नाको उपस्थितिमा लाहौरमा गाइयो, जसको एक पंक्ति थियो-

"मुस्लिम हैं हम, वतन है सारा जहाँ हमारा ।"
(हामी मुसलमान हौं र सारा संसार हाम्रो वतन हो ।)

तत्कालीन भारतमा खुम्चिएर बसेका मुसलमानहरूले आफूलाई सकल संसारवासी बताएको सुन्दा राम्रो त लाग्छ तर, त्यसो भन्दा सर मुहम्मद इकबाल-(जसका पुर्खा पहिले कश्मीरी पण्डित (ब्राह्मण) थिए) को मनसाय भने अर्कै थियो । तिनी मुसलमानहरूका लागि बेग्लै राष्ट्र-पाकिस्तान चाहन्थे ।

मोहनदास करमचन्द गान्धी- (महात्मा गान्धी) का घोर विरोधी, बेलायतपास वकील साहेब जिन्नाले एकदिन तत्कालीन बृटिश सरकारलाई 'डायरेक्ट एक्शन' को धम्की दिए । त्यस एक्शनको परिणामस्वरुप जताततै हिन्दू-मुसलमानबीच दंगा-फसाद हुन थाले । गल्ली-गल्लीमा यस्ता नारा लगाइन थाले-

हिन्दूबहुल क्षेत्रमा- "घेले की बीडी; घेलेका पान ।
लौडे में गया पाकिस्तान ॥"
मुस्लिमबहुल इलाकामा- "घेले के बीडी, घेलाका पान ।
"लडके लेंगे पाकिस्तान ॥"

अन्ततः जो हुनु थियो, त्यही भयो । भारत टुक्रियो । तीन टुक्रा भयो ।

पूर्वी बंगाल, पूर्वी पाकिस्तान भयो र पश्चिमी पंजाब, पूर्वोत्तर सीमान्त प्रान्त, बिलोचिस्तान र सिन्ध, पश्चिमी पाकिस्तानमा परे । कायदे आजम (महान् नेता) मुहम्मद अली जिन्ना पाकिस्तानका सर्वेसर्वा भए भने, पण्डित जवाहरलाल नेहरू, भारतका प्रधानमंत्री । चौध र पन्ध्र अगस्त १९४७ को मध्यरातमा जवाहरलाल नेहरूले अलिखित भाषणमा भनेका थिए-

यस मिलनलाई स्वयं हामीले वर्षौं पहिले तय गरिसकेका थियौं । हाम्रो यो प्रतिज्ञा आज पूरा हुँदैछ । यो सत्य हो कि सपना ज्यूँका त्यूँ साकार भइरहेको छैन । तैपनि अधिकांश सपना त साकार भई नै सक्यो । आज मध्यरात्रिको झंकार हुने बित्तिकैंजब दुनियाँ सुतिरहेको होला- भारत जाग्नेछ र जाग्नासाथ स्वाधीन हुनेछ ।)

जवाहरलाल नेहरूले दिल्लीमा त्यसो भनिरहेको समयमा लाहौर जलिरहेको थियो । त्यहाँका हिन्दू-सिख बस्तीहरूका बिजुली-पानीका लाइन काटिएका थिए । त्यहाँका तृषाकुल वासी, आफ्ना पुराना मित्र-परिचित मुसलमानहरूसँग पानी माग्न जाँदा, फसादी धर्मान्धहरूले तिनलाई घेरेर मारे, आइमाईहरूसँग बलात्कार गरे र तिनका बस्तीमा आगो लगाइदिए ।

एक्शनको रिएक्शन भयो । भारतमा पनि अनेकाअनेक मुसलमान मारिए-लुटिए । त्यस्ता घटना धेरै समयसम्म घटिरहे विशेषतः भारतको पश्चिमी भागमा ।

सन् १९४७ को सेप्टेम्बर महीनाको कुनै दिन, राजपूताना-(अहिलेको राजस्थान) को एउटा गाउँमा, जैनब नामकी एउटी सत्रवर्षे युवती गलैंचामाथि पलेटी कसेर बसी, आफ्नो सामुन्ने पवित्र कुरआन राखेर, आफ्नो शरीरलाई अगाडि-पछाडि झुलाउँदै आयत (सिलोक) पाठ गरिरहेकी थिई-

बिस्मिल्लाहिर्रहमानिर्रहीम
(शुरु खुदाको नाम लिएर, जो अत्यन्त कृपालु र दयालु छ।)
अल्हम्दु लिल्लाहि रब्बिल-आलमीन (१)
अर्रहमानिर्रहीम (२)
मालिकि यौमद्दीन (३)
इरया-क नअबुदु व इच्चा-क नस्तअीन (४)
इह्दिनस-सिरातलमुस्तकीम (५)
सिरातल्लजी-न अनअम त अलैहिम (६)
गैरिल-मग्जूबि अलैहिम वलज्जाऽऽल्लीन (७)

पवित्र कुरआनको प्रथम सूरः सकिनासाथ त्यस युवतीकी आमा जुबैराले अर्को कोठाबाट सोधी- "छोरी ! सिलोकपाठ मात्र गरेछौ कि अर्थ पनि थाहा छ ?"

"लौ, यो पनि कुनै सवाल हो ? यतिका दिन भइसके यसलाई घोक्न थालेको । अर्थ किन थाहा नहुनु ! सुन्नुहुन्छ ?"

जुबैराले छोरीनेर आएर भनी- "लौ, सुनाऊ त अर्थ !"

जैनबले अर्थ बताउन थाली-

"समस्त प्रकारका प्रशंसा खुदाका लागि नै हुन् जो तमाम सृष्टिको परमेश्वर हो ॥१॥
बडा कृपालु र अत्यन्त दयावान् ॥२॥
निसाफ गरिने दिनको हाकिम ॥३॥
हामी तेरो नै उपासना गर्दछौं र तैंसँग मद्दत माग्दछौं ॥४॥
हामीलाई सोझो बाटोमा हिँडा ॥५॥
तिनीहरूको बाटो जसमाथि तेरो दया-कृपा रहन्छ ॥६॥
न कि तिनीहरूको (बाटो) जसमाथि तेरो कोप रह्यो र न पथभ्रष्टहरूको (बाटो) ॥७॥"

सातओटै आयतका शुद्ध अर्थ सुनेर जुबैराले भनी- "राम्रो ! बिहे हुने समयसम्म सय-पचास आयतहरू अरु याद गर छोरीं।"

जुबैराका कुरा नसकिँदै त्यसको पति इद्रीसले कोठाभित्र पस्दै भन्यो- "जुबैरा ! अल्लााहको हुकुम छ कि जैनबको निकाह (बिहे) यहाँ हुँदैन ।"

लोग्नेको त्यस्तो कुरा सुनेर चकित भएकी जुबैराको मुखबाट "अर्थात् ?" मात्र निस्कियो ।

"अर्थात्, हामी भोलि बिहानै, पाकिस्तानतिर जाने शरणार्थीहरूको लश्करमा सामेल हुनेछौं ।"

"या अल्लाह ! गोरु-भैंसी, भेडा-बाख्रा र घरायसी सामान नि !"

"बेचिसकेँ आधा-पौने दाममा ।"

"आधा-पौनेमा !"

"परमेश्वरलाई धन्यवाद देऊ कि यार-दोस्तहरूले किने । नत्र, त्यसै छाडेर जानुपर्थ्यो ।"

अर्को दिन, पाकिस्तान जाने लर्कोमा इद्रीसको परिवार पनि सामेल भयो ।

त्यो लश्कर रेलवे स्टेशन पुग्यो । रेलमा चढ्यो । ट्रेन-(रेलगाडी) दुई माइलजति पश्चिमतिर जाँदा ड्राइवरले रेलको लीकमाथि पचास-साठीजनाको सशस्त्र भीड बसेको देख्यो । बारम्बार सिट्ठी बजाउँदा पनि त्यो भीड लीकबाट नहटेपछि ड्राइवरले ट्रेन रोक्यो । दुईजना भालाधारी पाकाहरूले ड्राइवर र फायरमैन-(इन्जनको भट्टीमा कोइला हाल्ने मान्छे) लाई इन्जनबाट ओर्लिन भने । तिनीहरू खुरूक्क ओर्लेर एकातिर उभिए । त्यसपछि त्यो सशस्त्र भीड, पाकिस्तान जान लागेका शरणार्थीहरूमाथि जाइलाग्यो । हल्लीखल्ली शुरु भयो । काटमार हुन थालेपछि आइमाई र केटाकेटीहरू डराएर रेलबाट ओर्ली भाग्न थाले । वास्तवमा ती आक्रान्ताहरू त्यस्तै चाहन्थे । तीमध्ये धेरै युवाहरू पनि रेलबाट ओर्लेर ती आइमाईहरूलाई समात्न दगुरे । सबैको भागमा एक-एकजना आइमाई परे । तिनीहरू ती आइमाईहरूलाई तान्दै-लतार्दै, गाली गर्दै-धम्क्याउँदै आ-आफ्ना गन्तव्यतिर लागे । एउटा अलि बूढो सिखको भागमा परेकी केटी जैनब थिई । आधा घण्टाजति हिँडेपछि उसले आफ्नो बन्धकसँग भनी- "सरदार जी ! मलाई पिसाब लागेको छ ।"

बूढोले सिखले यताउति हेर्‍यो । बायाँतिर झाडी देखेर त्यसले इशारा गर्दै भन्यो- "ऊ त्यो झाडीतिर जा । चलाखी गर्ने होइन । देखेकी छस् यो कृपाण ? पेटमा घुसारिदिनेछु ।"

जैनब नबोलीकन झाडीतिर लागी । पिसाब गरेर उठ्न लाग्दा उसले लगभग सय गजको दूरीमा एउटा मान्छेलाई खेतमा कुटो-कोदालो गरिरहेको देखेर त्यतैतिर हुँइकिई । बन्धनमा परेकी केटीलाई त्यसरी भागिरहेको देखेर त्यो बूढो सिख- "पख ! तँलाई नमारी के छाड्छूँला" भन्दै जैनबको पछाडि दगुर्‍यो ।

जैनबले खेतमा काम गरिरहेका मान्छेतिर दगुर्दै "बचाऊ ! बचाऊ !" भनी । उसलाई समात्न दगुरेको त्यो बूढो मान्छेको पनि आवाज आयो- "फड्डीं-फड्डीं" (समात-समात) । आइमाई र लोग्नेमान्छेको आवाज सुनेर बूटासिंह नामक त्यो प्रौढ सिख जुरूक्क उठ्यो र आइमाईतिर लम्कियो । त्यो नजिक पुगेपछि जैनब फेरि चिच्याई- "बचाऊ ! बचाऊ !"

बूटासिंह, गुहार्ने आइमाई र त्यसलाई समात्न दगुरेको बूढो सिखको बीचमा उभियो । तब, हाँपिरहेको बूढोले भन्यो- "सरदारजी ! यो त मेरो सम्पत्ति हो ।"

"पहिरनले त यो मुसलमाननीजस्ती छ । तपाईंको सम्पत्ति कसरी भई यो सरदारजी ?"

"भाइ ! म यसलाई सम्पत्ति मात्र मान्दछु । यसलाई सिखनी पनि बनाउने छैन, कडाह-प्रसाद-(सुँगुरको मासु जो मुसलमानहरू अत्यन्त अपवित्र वा घृणास्पद मान्दछन्) पनि खुवाउँदिनँ ।"

"**मतलब** ?"

"मतलब यो हो कि क्वेटा र पेशावर-(पाकिस्तानका ठूला शहर) मा मेरा मामा र काकाकी छोरीहरूलाई अपहृत गरेर तिनलाई जबरजस्ती गाइको मासु खुवाइयो र तिनलाई कलिमा-(लाइला-ह इल्लल्ललाहु मुहम्मदुर रसूल्लाह-अल्लाहबाहेक अन्य कुनै उपासना-योग्य छैन । मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहका रसूल- ईशदूत हुन्) भन्न लगाइयो । त्यसपछि तिनीहरूलाई लिलाम गरियो ।"

"त्यसोभए सरदारजी ! तपाईंको सम्पत्तिको मोल कति हो त ?"

एक्कासि त्यस्तो अप्रत्याशित प्रश्न आइलाग्दा त्यो बूढो अलिबेर त अकमकायो र केही क्षणपछि आफ्नो दाह्री कन्याउँदै भन्यो- "इक हजार पंज सौ ।"

कुनै मोलतोल नगरीकन बूटासिंहले भन्यो- "हुन्छ सरदारजी ! हिँड्नुहोस् मेरो घर । यिनी मेरी । पन्ध्रसय रुपैयाँ तपाईंका ।"

घर पुगेर बूटासिंहले आफू सुत्ने खाट एकातिर सारेर भुइँ खन्न थाल्यो । लगभग तीन बित्ताको गहिराइमा एउटा टीनको कन्तुर देखियो जसभित्र पुरानो कपडामा बेरिएको पन्ध्र सय रुपैयाँका नोट थिए ।

बूढो सिख "सत् श्री अकाल" भन्दै गएपछि बूटासिंहले, खनेको खाल्डो पुर्‍यो र खाटलाई आफ्नै ठाउँमा ओच्छ्यायो । त्यति काम गरिसकेपछि मात्र त्यसले जैनबलाई ध्यानपूर्वक हेर्‍यो । जैनब वास्तवमा सुन्दर थिई । त्यसलाई देखेर पचपन्न वर्षे बूटासिंहले अनेक सपना बुन्न थाल्यो । त्यसले जैनबलाई आरामसाथ खाटमा बस्न लगायो र घरमा भएका खानेकुरा र पानी दियो । जैनबले खान थालेपछि त्यो घरको कामकाजमा जुट्यो । साँझपख त्यसले भैंसी दुह्यो र निकै घ्यू हालेर मकैका रोटी र सुकाएका सर्स्यूंको साग पकायो । खाना पाकिसकेपछि त्यसले जैनबलाई आफू-अगाडि बसालेर खाना दियो । खानपीन सिद्धिएपछि दुवैले पित्तलका ठूला गिलासमा भैंसीको खाँटी दूध खाए ।

तिनताका भारतका गाउँमा बिजुली त के, सबैका घरमा लालटिन पनि थिएनन् । बूटासिंहको घर पनि अपवाद थिएन । त्यहाँ टुकीको भरमा प्रकाश थियो । सुत्नेबेला हुँदा बूटासिंहले खाटमाथि राम्रो र सफा तन्ना ओच्छ्यायो र त्यसमाथि जैनबलाई सुत्न भन्यो । आफू खाट नजिक भुँइमा बिस्तरा लगाएर पल्टियो । तर, निद्रा भने दुवैलाई लागेन । जैनब सोच्दै थिई- "कस्तो अनौठो मान्छे हो यो ! पाकिस्तान बन्ने हल्ला चलेपछि गाउँका केटाहरूले, भेडा चराउन जाँदाखेरि, मसँग तीन-चारपटक बलात्कार गरे । तिनले धम्की दिएका थिए कि त्यस विषयमा मैले मुख खोले वा बोलाएको बेलामा नआए तेरो पूरै परिवार मारिनेछ । त्यसकारण म त्यसरी बारम्बार बलात्कृत हुँदा पनि केही बोल्न सकेकी थिइनँ । गाउँका केटाहरू त्यसरी मलाई घेर्दथे भने यो बूढो मान्छे मलाई किनेर पनि अलग्गै सुतेको छ । कस्तो गजबको मान्छे हो यौं।"

आफ्नो परिवार, गाउँघर, साथी-संगातीहरूबारे सोच्दा-सोच्दै आधा रात बित्न लाग्दा जैनबले सुस्तरी भनी- "सरदारजी !"

"की है ?" (के हो ?)

"तपाईं त्यसरी तल नसुत्नुहोस् । तपाईं मेरा मालिक हुनुहुन्छ ।"

"सुत ! सुत !"

"मलाई निद्रा लागिरहेको छैन । आमा-अब्बूबारे सोच्दा मन रून्छ ।"

"निद्रा त मलाई पनि लागेको छैन । म पनि तिमी र तिम्रा परिवारबारे सोचिरहेको छु । तर, सोचेर के गर्नु ! जो हुनुथियो, भइसक्यो । म अभागीको भाग्य खुल्यो जो तिमीलाई पाएँ । आजदेखि म तिम्रै हुकुममा चल्ने भएँ । मलाई माया गर्नू जैनब ।"

"सरदारजी ! यहाँ अब तपाईंबाहेक मेरो रक्षक को छ र ! तपाईंकै शरणमा छु अब । तपाईंकै आश्रयमा छु अब । मलाई पटक्कै निद्रा लाग्दैन । बरू बसेर कुरा गरौं न ।"

"हुन्छ" भन्दै बूटासिंह उठेर जैनब पल्टिएको खाटमा बस्यो । जैनब पनि उठेर बसी ।

राती अबेरसम्म जागे पनि आफ्नो बानीअनुसार बूटासिंह अरूणोदय बेलामा उठ्यो र विवस्त्रा जैनबलाई च्यादरले ढाकेर आफ्नो दैनन्दिनीमा लाग्यो । भैंसी दुहेर त्यसले चिया पकायो र उही पित्तलको गिलासमा हालेर जैनबनेर गयो । एकछिन त्यसको सुन्दर मुहारलाई अपलक हेरेपछि सुस्तरी भन्यो- "जैनबजी ! चिया हाजिर छ ।"

जैनबले आँखा खोली । बूटासिंह हातमा गिलास लिएर मुस्कुराइरहेको थियो । जैनब जुरूक्क उठ्न लाग्दा त्यसको शरीरलाई ढाकेको च्यादर तल झर्‍यो । त्यसले तुरून्तै च्यादरमाथि तान्दै भनी- "के गरेको यो ?"

"मैले मात्र हो र !" भन्दै बूटासिंह गिलास त्यतै राखेर बाहिरियो । त्यो बाहिर गएपछि जैनबले लुगा लगाई र कुल्ला गरेर चिया खान लाग्दा बूटासिंह भित्र आएर जैनबनजिकै खाटमा बस्यो । जैनबले चियाको चुस्की लिँदै भनी- "सरदारजी ! घरमा दूध छ, घ्यू छ, लस्सी छ तर तपाईं भने चिया खानुहुन्छ । त्यो पनि बिहानै ।"

"के गर्नु जैनब, बानी जो पर्‍यो ।"

"के यस गाउँमा सबैले चिया खान्छन् ?"

"खान्नन् ।"

"तब ?"

"फौजमा बानी परेको हो । त्यहाँ बिहानै चिया खाइन्छ, नाश्तामा पनि चिया र दोपहरपछि पनि चिया ।"

"के तपाईं फौजी हुनुहुन्छ ?", जैनबले आफ्ना ठूला आँखा अरु विस्फारित गरी ।

"थिएँ ।"

"मतलब ?"

"दोस्रो ठूलो लडाइँमा लाट साहेब मोन्टबेटन-(एडमिरल लार्ड लुई माउण्टब्याटन्)को कमानमा गठित बर्मा फौजमा थिएँ । लडाई सिद्धिएपछि हाम्रो पल्टन डिमोबिलाइजेशनमा पर्‍यो (अर्थात् पल्टन भंग गरियो) र म घर आएँ ।"

"तपाईंले भनेका कुरामा मैले यति मात्र बुझें कि तपाईं पहिले फौजी हुनुहुन्थ्यो र चिया खाने बानी त्यहीं परेको थियो । अनि तपाईंका दाह्री-जुंगा फुलिसके । बिहे किन नगरेको ?"

"कसरी गर्नु बिहे ? धेरैजसो सरदारका छोरीहरू मोनासँग (दाह्री नकाट्नेसँग) बिहे गर्दछन् । सिख केटी पाउन निकै गाह्रो छ । अनि मेरा दाइभाइ-भतिजाहरू पनि चाहन्नन् कि मेरो बिहे होस् ।"

"किन ?"

"बिहे भए हकवाला पैदा हुन्छन् । हकवाला भए मेरो बाह्र एकड जग्गाको हकदार पनि तिनी नै हुनेछन् । त्यसो भएको खण्डमा मेरो जमीनमाथि आँखा गडाएका तिनका मनसूबा त पूरा हुँदैनन् नि !"

"या अल्लाह ! दुनियाँ कति मतलबी !"

"के भन्यौ ?"

"लोभ त लोभ, यहाँ त आफन्तकै लोभ उदांगियो ।"

"अब कसरी खालान् ?"

बूटासिंहको भनाइको अर्थ बुझेर जैनबको मुख रातो भयो । ऊ बोलिन । बूटासिंहले फेरि भन्यो- मेरो बिहे भएपछि खालान् लोप्पा ।

"कोसँग गर्नुहुन्छ बिहे ? मसँग ?"

"हो । तिमी यहाँ एउटी रखौटी भएर बस्ने होइन । यहाँ तिमी इज्जतदार सरदारनी हुनेछौ ।"

"त्यो तपाईंले गर्ने कुरा हो । मैले गर्ने कुरा बताउनुहोस् !" भन्दै जैनब खाटबाट उठी ।

"ठीक छ जैनब ! छिटो-छिटो खाना खाएर बजार जानुपर्ला ।"

"म पनि जाने ?"

"अहँ ! तिमी होइन । तिम्रा लुगा बजार जाने लायक छैनन् । अनि यी तिम्रा चाँदीका नथुनी र यार्लिङ देखेर सबैले, तिमी मुसलमाननी हौ भनेर चिन्नेछन् । फसाद पनि हुनसक्छ । आज म मात्रै । तिमी घरभित्रै बस्नू छिटै फर्की आउनेछु ।"

बूटासिंहले जैनबका लागि नुहाउने साबुन लक्स, अफगान स्नो (मुखमा लाउने क्रीम), बुट्टावाल स्याण्डल र रेडिमेड शलवार-कुर्ता-दुपट्टा ल्यायो । जैनब खुश भई । त्यसरी उसलाई पुलकित देखेर बूटासिंहका आँखा पनि टल्किन थाले ।

उसले दुई-चार दिनको अन्तरालमा केही न केही किन्न थाल्यो । जैनबले पनि सुस्त-सुस्त बूटासिंहलाई माया गर्न थाली । बूटासिंहले ऊसँग फेरि बिहे गर्ने कुरा गर्‍यो । जैनबले मुस्कुराउँदै मौन स्वीकृति दिई ।

असोज मसान्ततिर, प्रत्यूषपूर्व नै, एकदिन बाँसरीवादकहरूको एउटा टोली बाँसुरी बजाउँदै बूटासिंहको घरतिर लाग्यो ।

» *क्रमश...*

---

**ठाउँठाउँमा...**

तीनकुने क्षेत्रमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले कर्फ्यु जारी गरेपछि राजावादी प्रदर्शनकारी जडीबुटी कम्पनीमा आगजनी गर्न पुगेका हुन् । तीनकुने क्षेत्रमा समेत प्रदर्शनकारीहरूले घरमा आगजनी गरेका थिए । त्यस्तै कोटेश्वरस्थित भाटभटेनी सुपरस्टोरमा समेत उनीहरूले लुटपाट मच्चाएका थिए ।

**गाडीहरु जलाइए**

राजावादीहरूले जडीबुटी कम्पनी लिमिटेड परिसरमा छिरेर त्यहाँ रहेका आधा दर्जनभन्दा बढी गाडी जलाएका छन् । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारको गाडी जलेको छ । बालकुमारीस्थित सिसिआरसी कलेज अगाडि पुगेपछि राजावादी प्रदर्शनमा संलग्न भएका व्यक्तिहरूले रोकेर गाडी जलाइ दिएका हुन् ।

परियारलाई गाडीबाट निकालेर राजावादी प्रदर्शनमा संलग्न युवाहरूले परियार चढ्दै आएको १३८२ नम्बरको गाडी जलाइ दिएका हुन् । राजावादी समूहका प्रदर्शनकारीहरुले हिमालय टेलिभिजनको गाडी तोडफोड गरेका छन् । समाचार संकलनका लागि सिनामंगल क्षेत्रमा खटिएको बेला बा १९ च ८९६३ नम्बरको गाडीमा प्रदर्शनकारीले आक्रमण गरेका थिए । आक्रमणबाट गाडीको अगाडि र पछाडिको सिसा फुटेको छ ।

राजावादीहरूले नेकपा एमालेको कार्यालय नजिकै एउटा ट्याक्सी जलाएका छन् । प्रदर्शनमा उत्रिएका राजावादीले काठमाडौं महानगरपालिकाको दमकलमाथि पनि तोडफोड गरेका छन् । तीनकुनेस्थित एक घरमा प्रदर्शनकारीले ढुंगामुढासहित आगजनी गरेपछि महानगरको दमकल बोलाइएको थियो । आगजनी भइरहेको घरको केही दुरीमै प्रदर्शनकारीले दमकलमाथि ढुंगामुढा प्रहार गरेको महानगरका नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिए ।

**निजी सम्पत्तिमा आक्रमण नगर्न प्रसाईंको अपिल**

तीनकुनेको सभा बिथोलिएपछि निस्किएका दुर्गा प्रसाईंले निजी सम्पत्तिमा आक्रमण नगर्न अपिल गरेका थिए । उनले भनेका थिए-'प्रहरीकै दमनका कारण निजी सम्पत्तीमा क्षति पुग्यो, कैयन् साथीहरू र प्रहरीहरू घाइते हुनुभएको छ । यसप्रति दुःख व्यक्त गर्दै घाइते साथीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै कसैको निजी सम्पत्तिमा आक्रमण नगर्न म हार्दिक अपिलसमेत गर्दछु ।'

**क्षतिको जिम्मेवारी सरकारले लिनुपर्छ**

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष तथा संयुक्त जनआन्दोलन मुल समितिका सदस्य सचिव रवीन्द्र मिश्रले शुक्रबारको प्रदर्शनका क्रममा भएका सम्पूर्ण भौतिक क्षतिको जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन् । आफूले विगतदेखि नै सेरेमोनियल राजसंस्था सहितको प्रजातन्त्रका लागि नवीन समझदारी गरेर जानुपर्ने दलहरुलाई सुझाव दिए पनि बेवास्ता गरिएकाले अहिलेको परिस्थिति सिर्जना भएको बताए । दलहरुले २०४६ र २०६२/६३ मा गरेको आन्दोलन पनि कुनै नेताको नियन्त्रणमा नरहेको र जनधनको क्षति भएको स्मरण गराएका छन् । राजावादीको आन्दोलन नरोकिने उनको भनाइ छ ।

सामाजिक सञ्जालमा स्टाटस लेख्दै मिश्रले कुनै पनि परिस्थितिमा सर्वसाधारण तथा व्यक्तिगत सम्पत्तिमाथि आक्रमण नगर्न अनुरोध गरेका छन् । 'हेरौंला कहिलेसम्म यी भ्रष्ट र पतित नेताले सुरक्षा पाउनेछन्'- मिश्रले लेखेका छन् ।

**सरकारले घुसपैठ गरेको आरोप**

राजसंस्था पुनर्स्थापनाका लागि बनाइएको संयुक्त जनआन्दोलन परिचालन समितिले आन्दोलनमा सरकारले घुसपैठ गराई अशान्त वातावरण सिर्जना गरेको दाबी गरेको छ ।समितिका प्रवक्ता अधिवक्ता स्वागत नेपालले विज्ञप्ति जारी गर्दै सत्ताधारीहरूले घुसपैठ गराई अशान्त वातावरण सिर्जना गरेको दाबी गरेका हुन् । उनले निजी घरभित्र प्रहरी पसेर भएको दमनका कारण आक्रोशित जनसमुदायबाट समेत आत्मरक्षाका लागि प्रतिकार भएको दाबी गरेका छन् ।

'राजसंस्था पुनर्स्थापनाका लागि शुरु भएको शान्तिपूर्ण जनआन्दोलनमा भ्रष्ट, निरंकुश र प्रतिगामी सत्ताधारीहरुद्वारा घुसपैठ गराई अशान्त वातावरण सिर्जना गराइएकोमा संयुक्त जनआन्दोलन परिचालन समिति निन्दा व्यक्त गर्दछ ।'- नेपालले विज्ञप्तिमा भनेका छन् ।

उनले बुधबारदेखि नै सरकार नागरिकमाथि दमनमा उत्रिएको दावीसमेत गरेका छन् । 'हिजोदेखि नै चक्रपथ छुन समेत नदिने गरी षडयन्त्रपूर्वक बालाजु, कलंकी, बूढानीलकण्ठ चाबहिल लगायतका क्षेत्रबाट रिंगरोड नछोई र रिंगरोडबाट भित्रसमेत प्रवेश नगरी कोटेश्वर पुग्न उर्दी जारी गरी सो स्थानबाट कोटेश्वरतर्फ आउने नागरिकहरूमाथि दमन गरिएको थियो,' विज्ञप्तिमा भनिएको छ ।

समाजवादी मोर्चाले भृकुटीमण्डपमा गरेको सभामा भन्दा कयौं गुणा बढी सहभागी आफूहरूको प्रदर्शनमा भएको दाबी गरेका प्रवक्ता नेपालले त्यसबाट आत्तिएको सत्ताधारी जत्थाका घुसपैठियाहरूले निजी घर भित्रबाट जनसमुदायमाथि प्रहार शुरु गरेको दाबी गरेका छन् ।

'कार्यक्रमस्थलमा नेतृत्वगण आइपुग्ने समय समेत नदिई भएको घुसपैठ र दमनबाट उत्पन्न अशान्त वातावरणका लागि निरंकुश सत्ताले जिम्मेवारी लिनु पर्ने हामी प्रष्ट गर्न चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ, 'घाइते आन्दोलनकारी, प्रहरीहरूको तत्काल निःशुल्क उपचार गर्न तथा क्षति पुगेका व्यवसायीहरूका लागि क्षतिपूर्तिको तत्काल व्यवस्था गर्ने जिम्मेवारी पनि सरकारको रहेको हुँदा तत्काल सो को प्रबन्ध गर्न पनि अनुरोध गर्दछौं ।'

संयुक्त जनआन्दोलन परिचालन समितिले स्थिति थप भयावह हुने चेतावनी दिँदै तत्काल सर्वपक्षीय वार्ता र संवादमार्फत अघि बढ्न आह्वान गरेको छ ।

'आजदेखि देश संक्रमणकालमा प्रवेश गरेको छ । गणतन्त्र कागजमा मात्र सीमित रहेको छ । यस अवस्थालाई ध्यानमा राखी पूरानो संसदीय व्यवस्थावादीहरूले नयाँ सहमतिको मार्ग प्रशस्त नगर्ने हो भने स्थिति थप भयावह हुने निश्चित रहेकोले तत्काल सर्वपक्षीय वार्ता र संवादमार्फत अघि बढ्न, राष्ट्रिय अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्थाहरु समेतलाई स्थितिको गम्भीर र विवेकपूर्ण पर्यवेक्षण गरिदिन समेत आह्वान गर्दछौं ।'- विज्ञप्तिमा भनिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपर्युक्त सम्बन्धमा लुम्विनी प्रदेश, जिल्ला रुपन्देही, बुटवल उप-महानगरपालिका वडा नं. १३ निवासी मिना पोखेल आचार्यले यस कार्यालयमा पेश गर्नु भएको निवेदन माग अनुसार निजको सासुआमा पोमकला आचार्यको नाममा रहेको नं. २ घ, कि.नं. २८३१, ज. वि. ०-०-१० धुर जग्गामा बनेको घरमा शान्ति माया गुरुङ्ग मिति २०८०।०४।०१ गते देखि बहालमा बसेको र हाल उहाँ सम्पर्कमा नरहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पर्कमा आउनु हुन जानकारी गराइन्छ ।

निवेदक
मीना पोखरेल आचार्य
बुटवल १३, रुपन्देही

## माईग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न व्यहोराको + २ को माईग्रेसन सर्टिफिकेट मिति २०८१/१०/१५ गते रामग्राम वडा नं. १५ घरदेखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : निरज राना
**ठेगाना** : सुक्रौली गाविस वडा नं. ५
हाल रामग्राम नगरपालिका वडा नं. १५ नवलपरासी (बसुप)
**सिम्बल नं** : २४९०११६३
**सम्पर्क मोबाईल नं** : ९८४५८२३६२७

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# 'बुद्धका सन्देशको महत्व झनै बढेको छ'



बुटवल। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले गौतमबुद्धका सन्देशलाई विश्वभर प्रचारप्रसार गरी नेपालले शान्ति दूतको भूमिका निर्वाह गर्न सक्ने बताएकी छन्।

लुम्बिनीमा शुक्रबार थुक्छे छोईलिङ्ग मोनास्ट्री (गुम्बा)को शिलान्यास गर्दै पूर्व राष्ट्रपति भण्डारीले बुद्धका शान्ति, करुणा, र शिक्षाको महत्त्व अहिलेको समयमा झनै बढेको उल्लेख गरिन्।

'गौतम बुद्धले अहिंसा, करुणा, र शान्तिको मार्ग देखाउनुभयो, उहाँका शिक्षाले संसारभर करोडौं मानिसलाई प्रेरित गरेका छन्, आज पनि कतिपय विकसित र शक्तिशाली देशहरूबिचको होडबाजीका कारण सर्वसाधारण नागरिक गोलाबारीको सिकार बन्नुपरेको, हिंसाको डर र त्रासमा बाँच्नुपर्ने अवस्था छ,' उनले भनिन्-'त्यसैले बुद्धका शान्ति, करुणा र शिक्षाको सान्दर्भिकता आजको दिनमा झन् बढेको छ।'

लुम्बिनी बौद्ध दर्शनको उद्गम स्थल भएको उल्लेख गर्दै उनले बौद्ध शिक्षा तथा दर्शनलाई अन्तर्राष्ट्रिय रूपमा विकास गर्नुपर्ने धारणा राखिन्।

बुद्धका उपदेशहरू विश्वभर फैलाउने माध्यमका रूपमा लुम्बिनीको महत्त्वपूर्ण भूमिका रहने बताउँदै उनले बौद्ध सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइन्।

पूर्व राष्ट्रपति भण्डारी तीन दिन रुपन्देहीमा बस्ने गरी बिहीबार भैरहवा आएकी थिइन्। भण्डारी शनिबार लुम्बिनी प्रदेशभरका स्थानीय र प्रदेशका महिला जनप्रतिनिधि सहभागी हुने कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी हुँदैछिन्। भण्डारी १७ गते काठमाडौं फर्कने छिन्।

वन बाटिकाको अध्यक्षमा चारजनाको उम्मेदवारी

थापाको उम्मेदवारी परेको निर्वाचन समिति संयोजक मोहन चापागाईंले जानकारी दिए।

र्ता चैत १८ गते दिउसो २ बजेसम्म र अन्तिम नामावली प्रकाशन चैत १८ गते ५ बजेलाई तो




तिलोत्तमा। शंकरनगर वन बिहार तथा अनुसन्धान केन्द्र (वन बाटिका) को नयाँ नेतृत्वका लागि अध्यक्षमा चारजनाको उम्मेदवारी परेको छ। केन्द्रको चौथो अधिवेशनअन्तर्गत शुक्रबार भएको मनोनयन दाखिलामा अध्यक्ष पदमा वर्तमान अध्यक्ष बेलप्रसाद शर्मा, उपाध्यक्ष खिमलाल पाण्डे, कार्यसमिति सदस्य किरण खरेल र टिकदेवी आलेले उम्मेदवारी दर्ता गरेका छन्। यस्तै उपाध्यक्षमा प्रेमराज खनाल, मिनप्रसाद देवकोटा,लेखबहादुर खड्का र चन्दा

यस्तै सचिवमा हरिकला अधिकारी (कमला), रुक्मागत पाण्डेय र विदुर केसीले उम्मेदवारी दिएका छन्। कोषाध्यक्षमा हालका कोषाध्यक्ष मनिराम भट्टराई, सौरभ भुसाल, उदलसिंह थापाले उम्मेदवारी दर्ता गरेका छन्।

लेखा समिति संयोजकमा प्रदीप पराजुली र राजु खरेलले उम्मेदवारी दर्ता गरेका छन्। लेखा समिति सदस्यमा ८ जनाको उम्मेदवारी परेको छ। कार्यसमिति सदस्यमा ५७ जनाको उम्मेदवारी परेको छ। उम्मेदवारको नामावली पि(

किएको निर्वाचन समिति संयोजक चापागाईंले बताए। केन्द्रको नेतृत्वमा नेकपा एमाले र नेपाली कांग्रेसबिच पदाधिकारी र सदस्यमा बा(ँडफाँट गरी मिलेर जाने सहमति गरिएको छ। अध्यक्षमा उम्मेदवारी दिएका शर्मा माओवादी केन्द्रका हुन् भने पाण्डे नेकपा (विप्लव) निकट हुन् भने खरेल नेकपा एमालेका हुन्।

मतदान चैत २२ गते ८ गतेदेखि १ बजेसम्म तोकिएको छ। केन्द्रमा ७७६ मतदाता रहेका छन्।

# दुई हजार ८ सय २४ जनाको नमूना परीक्षण

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा नसर्ने रोग नियन्त्रण तथा स्वास्थ्यकर जीवनशैली प्रवर्धनसम्बन्धी एक दिने अभिमुखीकरण गरिएको छ। स्वास्थ्य कार्यालय नवलपरासीको आयोजनामा स्वास्थ्यकर्मी विद्यालयका, क्यापस, सामाजिक अगुवा, जनप्रतिनिधि धामी झाँक्रीसँग अन्य सरोकारवालासँग नसर्ने रोग नियन्त्रण तथा स्वास्थ्यकर जीवनशैली प्रवर्धनसम्बन्धी एक दिने अभिमुखीकरण गरिएको हो।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक प्रशन्नमान महर्जनले नसर्ने रोगहरुबारे सशक्तिकरण गर्ने, समुदायलाई शुसुचित गर्ने जानकारी दिने, सुर्तीजन्य तथा मादक पदार्थको बिक्रीवितरण तथा प्रयोगमा नियमन गर्ने, मानसिक स्वास्थ्य प्रवर्धनलगायतकाबारे जानकारी गराएका थिए। जिल्लामा दुई हजार ८ सय २४ जनाको नमूना परीक्षण गरिएको महर्जनले बताए। उनको अनुसार शंकास्पद एक हजार दुई सय ६४ जना रहेको मध्ये शंकास्पद मधुमेह एक हजार ३२ जना भेटिएको जानकारी दिए। पिसाब परीक्षण गर्दा पिसाबमा प्रोटिन चार सय ६४ भेटिएको महर्जनले बताए।

स्वास्थ्य कार्यालयका परिवार नियोजन अधिकृत निरज रानाले विश्वभर सरदर चार करोड १० लाख मानिसको नसर्ने रोगबाट मुत्यु हुने गरेको जानकारी दिए।

नेपालमा ७१ प्रतिशत मुत्यु कारण नसर्ने रोग रहको रानाले बताए। नसर्ने रोगहरु जीवनशैली, बंशानुगत वातारवरणी प्रभावको कारण लाग्ने गरेको रानाको भनाइ थियो। कार्यक्रममा रामग्राम नागरपालिकाका स्वास्थ्यका जनस्वास्थ्य निरीक्षक सुरज हरिजन, सुक्रौली स्वास्थ्य चौकीका प्रमुख बलराम सापकोटालगायत स्वास्थ्यकर्मीहरुले धारण राखेका थिए।

# बुटवलमा चैत २३ देखि महिला फुटबल हुने




बुटवल। बुटवलमा चैत २३ गतेदेखि महिला फुटबल प्रतियोगिता हुने भएको छ। प्रथम उपमेयर कप नकआउट फुटबल प्रतियोगितामा भारतको एक सहित ८ टिमले भाग लिने निश्चित भएको आयोजक बीस पचहत्तर युवा परिवारले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

प्रतियोगितामा आयोजक टिसहित, एमएससी कोलकत्ता भारत, सुनवल नगरपालिका, वीरगंज युथ एकेडेमी, बसन्त युनाइटेड क्लब चितवन, हेटौडा फुटबल एकेडेमी, राईजिङ स्टार युवा क्लब कपिलबस्तु र वालिङ टिमले प्रतिस्पर्धा गर्ने आयोजक बिस पचहत्तर युवा परिवारका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए।

सिद्धेश्वरी लालकुमारी मावि खेलमैदानमा हुने प्रतियोगिताको लागि दुई महिनादेखि मैदान मर्मत चलिरहेको उनले बताए। प्रतियोगितामा भाग लिने आठ टिमको टुगो लागेको उनले जनाए। दर्शकलाई सहजताका लागि करीब ३ हजार दर्शक अट्ने अस्थाई प्यारापिट निर्माण गरिएको तथा टिकटको व्यवस्था गरिएको उनले बताए। प्रतियोगितामा राष्ट्रिय टिमका खेलाडीहरु विभिन्न टिमबाट खेल्ने उनले बताए। कार्यक्रममा अखिल नेपाल फुटबल संघका केन्द्रीय उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार) ले फुटबलको उर्वरभूमिका रुपमा पहिचान बनाएको रुपन्देहीमा पछिल्लोसमय महिला फुटबलको आकर्षण रहेको बताए।

महिला फुटबल प्रतियोगिताको अभाव रहेको बेला बुटवलमा ठूलो प्रतियोगिता आयोजना गरि नाम चलेका खेलाडीहरु भित्राएर प्रतियोगिता गर्नु सुखद भएको बताए।

कार्यक्रममा संयोजक बुद्धिबहादुर दर्जीले प्रतियोगिताको उपाधि विजेता टिमले नगद १ लाख रुपैयाँ, कप, मेडल, प्रमाणपत्र तथा उपविजेता टिमलाई नगद ५० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने बताए। यसैगरी विधागत रुपमा समेत उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिने उनले बताए। चैत २३ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १५ लाख खर्च हुने अनुमान आयोजकको रहेको छ।

# किसानलाई चैते धान रोप्न चटारो



पाल्पा। आलु, गहुँलगायत बाली भित्र्याएका पाल्पाका किसानलाई चैते धान रोपाइँको चटारो थपिएको छ। यहाँका पूर्वखोला, रामपुर, रम्भा, निस्दीलगायत फाँटका अधिकांश किसान एक सातायता चैते धानको रोपाइँमा व्यस्त छन्।

पूर्वखोला गाउँपालिका-३ कलौलीकी गोमाया कामु अहिले चैते धान रोप्न व्यस्त छिन्। गर्मी मौसमका कारण अन्य स्थानमा खडेरी परेको समयमा उनको परिवारलाई भने कुलोको पानीले सिञ्चित भएको पाँच रोपनी खेतमा चैते धान रोप्न भ्याइनभ्याइ छ। पानीको सुविधा भएको र उत्पादन पनि हुने भएकाले बर्सेनि चैते धान रोप्दै आएको कामु बताउँछिन्।

"चैते धानका लागि पानीको समस्या हुँदैन। उत्पादन पनि राम्रै हुन्छ", उनले भनिन्-"त्यसैले वर्षौंदेखि निरन्तर हामीले चैते धान रोप्दै आएका छौं।" चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान खेती गर्ने कामु बर्खे धानभन्दा चैते धान पर्याप्त उत्पादन हुने बताउँछिन्।

गोमाया जस्तै डढेटाका सोमबहादुर थापालाई पनि चैते धान रोप्ने चटारो छ। खेत जोत्ने, पानी मिलाउने, ब्याड काट्नेदेखि धान रोप्न उनको परिवारलाई भ्याइनभ्याइ छ। उनले करिब दुई कट्ठा खेतमा चैते धान रोप्न थालेको बताए।

"फागुनमा राखेको धानको ब्याड हो। चैतको अन्तिमतिर रोपिसक्नुपर्ने हुन्छ", थापाले भने-"धान रोपेर सक्ने तयारीमा छौं।" बेमौसमी खेतीका रूपमा रोपिने चैते धानबाट मनग्य आम्दानी हुने भएपछि आफ्नो परिवारले धेरै पहिलेदेखि नै चैते धान रोप्दै आएको उनी बताउँछन्। उनीहरु जस्तै यहाँका डढेटा, लाबे, सातबिसे, खैरेनी, आठबिसे, कलौली, चेवा मङ्गला, सुखौरा लगायतका फाँटका प्रायः किसानलाई चैते धानको रोपाइँको हतारोले एकैछिन फुर्सद छैन।

महिला हरियो धानको बीउ काँढ्न र रोप्नमा व्यस्त देखिन्छन् भने पुरुष खेत हिलाउन, आली गरा मिलाउनमै व्यस्त छन्। कतै किसानले हल गोरु लगाएर खेत जोतिरहेका छन् भने कतै गोरुको सट्टा ट्र्याक्टरको प्रयोग गरी हिलो फेटेको देखिन्छ। सिँचाइ सुविधा भएकाले चैत र बर्खा गरी दुईपटक धान रोप्ने चलन रहेको छ। यहाँ फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने प्रचलन रहेको छ। "सबै छिमेकी जम्मा भएर आपसमा रोपाइँको मेलापातमा सघाइरहेका छौं। यो बेला हाम्रा लागि व्यस्त समय हो", डढेटाका किसान मनु दिसुवाले भने-"यहाँ पानीको स्रोतको समस्या नभएकाले धमाधम रोपाइँ भइरहेको छ।"

यहाँका अधिकांश किसान वर्षौंदेखि चैते धानमा आकर्षित हुँदै आएका छन्। पूर्वखोलावासीले घरको धान प्रयोग गर्न कात्तिक महिना नै कुर्न पर्दैन, असार साउनमा पनि नयाँ धान भित्र्याएर आम्दानी गर्न सक्छन्।

आफूले जानेदेखि नै हिउँदे धान रोप्दै आएको कलौलीकी किसान अग्निश्वरा बाह्रघरेले बताइन्। अधिकांश ठाउँका युवा विदेश गइरहेका बेला डढेटाका केही युवा भने कृषिमै लागेका छन्। डढेटा फाँटमा आली गरा मिलाउँदै गरेको अवस्थामा युवा देखिन्थे।

आली लगाउँदै गरेका शिव दिसुवाले पुस्तौंदेखि आमाबुबाले लगाउँदै आएको धानखेतीलाई आफूले पनि निरन्तरता दिँदै आएको बताए। असारमा हुँदै आएको धान रोपाइँ चैत महिनामा पनि देख्न पाउँदा त्यहाँ पुग्ने नयाँ पुस्ता भने दङ्ग छन्। कृषिमा आधुनिक प्रविधिसँगै बेमौसमी खेतीको प्रयोग बढ्दै गएको पाइन्छ।

विशेष गरी यहाँका वडा नं २, ३ र ४ मा रहेका फाँटमा चैते धान रोपाइँ हुने गरेको गाउँपालिकाकी कृषि शाखा प्रमुख चाँदनी चौधरीले बताइन्। उनका अनुसार यहाँ १५ हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुने गरेको छ। यस वर्ष सोमबारसम्म १० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको उनले जनाइन्। यहाँका अधिकांश फाँटमा पर्याप्त मात्रमा सिचाँइको सुविधा भएकाले कृषक दुई याम नै धानखेतीतर्फ आकर्षित हुने गरेका छन्।

कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाउने गरेको पालिका अध्यक्ष नुनबहादुर थापाले बताए। उनले भने-"हामीले बीउविजन, मल, प्राविधिक सहयोग कृषि क्षेत्रमा गर्दै आएका छौं, त्यसैले पनि कृषक कृषि कर्म गर्न उत्साहित हुनुहुन्छ।" यहाँका खोलाबाट कुलो बनाएर कृषकले धान रोप्ने गरेको अध्यक्ष थापाले बताए।

विगतमा स्थानीय जातको धान लगाउँदा कृषकले उत्पादन कम गरे पनि पछिल्लो समय उन्नतजातको बीउ लगाउन थालेपछि उत्पादनमा समेत वृद्धि भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले बताए। उनले बाँझो जग्गाको सदुपयोग गर्ने गरी कृषकलाई पालिकाले प्रोत्साहनका कार्यक्रम समेत ल्याउने गरेको बताए। पाल्पाका अन्य फाँटहरुमा पनि यतिबेला चैते धान रोप्ने चटारो छ। फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने चलन रहेको छ। पाल्पामा नियमित रुपमा कुलो लाग्ने र प्रसस्त पानी भएका खोला नालाका फाँटमा चैते धान रोप्ने गर्छन्।

जिल्लामा धानबाली लगाइने फाँटमध्ये ६२० हेक्टरमा चैते धानको खेती गरिन्छ भने ७०० कृषकले चैते धान लगाउँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ। हिउँदे धानखेती गरेपछि चामल किन्न नपर्ने यहाँका किसानको भनाइ छ।

बेमौसमी कृषि खेती गर्ने प्रचलन बढे पनि हिउँदे धान रोपाइँ भने परम्परादेखि हुँदै आएको हो। हिउँदे धानको उत्पादनले धेरै परिवारलाई राहत मिलेको छ। बाह्रैमास सिँचाइको सुविधा विस्तार गर्न सकेमा पाल्पाका अन्य फाँटमा पनि हिउँदे धान रोप्न सकिने हावापानी रहेकाले सरकारले सिँचाइ सुविधा उपलब्ध गराउन ध्यान दिन जरुरी छ।









## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु

-नुन कम भएको स्वस्थ र पोषलो आहार खाने,

-तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने।

-सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने।

-चिकित्सकको सल्लाह पालन गर्ने।

-चिकित्सकले सिफारिस गरेको औषधि नछुटाई खाने।

-आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर),

मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com